उमाकुण्ड गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप

बागमति,प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८

चलानी नं :-

मिति:२०७७/०४/०६

**सुचना !** **सुचना !!** **सुचना !!!**

**आ. ब. २०७७/०७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवेदन पेश गर्ने सम्बन्धि सुचना !**

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली २०७५ को दफा ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०७७/०७८ मा उमाकुण्ड गाउँपालिका मातहतमा स्थापना भएको रोजगार सेवा केन्द्रको समन्वयनमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई देश विकासमा योगदान दिन चाहानुहुने इच्छुक बर्ष १८-५९ उमेर समुहको बेरोजगार व्यक्तिहरुले यही मिती २०७७/०४/०६ देखि २०७७ श्रावण मशान्त भित्र आफु स्थायी रुपमा बसोबास गरीरहेको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुनका लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**फारम भर्नका लागि आवश्यक कागजातहरु :-**

१. पासपोर्ट साइजको फोटो -१ प्रति

२. नागरिकताको फोटोकपी प्रतिलिपी -१ प्रति

३. कार्य अनुभव तथा तालिम भएमा सोको प्रतिलिपी -१ प्रति

४. निवेदकको पारिवारीक विवरण अनिवार्य उल्लेख गर्नुपर्नेछ ( नागरिकता नं., जारी मिती, जन्म मिती, नागरिकता जारी गर्ने जिल्ला)

५. बसाइसराई गरी आएको भए सोको प्रतिलिपी -१ प्रति

**नोट:** यस अघि सुचिकृत भैसकेका व्यक्तिहरुको हकमा रोजगार सेवा केन्द्रमा सम्पर्क राखी नविकरण गर्नुहुन पनि सम्बन्धित सबैमा सुचित गरिन्छ । साथै फारम भर्दा विवरणहरु अपूर्ण र तोकिएको समय भन्दा पछाडी आएका निवेदनहरु स्वत अस्वीकृत हुनेछन् ।

.................

दिप प्रकास सुनुवार

रोजगार संयोजक

दिप प्रकाश सुनुवार

रोजगार सम्योजक

.................

ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकिय अधिकृत